बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## सिन्धुली

# अदुवाको गानामा लाग्ने झिंगा (Rhizome Fly)

अदुवाको गानामा लाग्ने झिंगाका औंसा (Maggot) हरूलाई गानामा लाग्ने औंसा भनिन्छ । पोथी झिंगाले कलिलो टुसाउँदै गरेको गानामा अथवा ढुसीबाट ग्रसित गानामा औसा पार्छ, फलस्वरूप गानाको सडने क्रममा अरू तिव्रता आउँछ । सडेको गानामा शुरुमा प्रशस्त औंसाहरू एवं केही दिन पछि प्युपाहरू पाइन्छन् ।

### पहिचानः

**वयस्क झिंगा** ४-६ मिमी लम्बाइ भएको, धातुजस्तै चम्किलो खैरो रंगको हुन्छ ।यसको आँखा ठूला र रातो रंगको हुन्छ भने पखेटा पारदर्शी र चम्किलो हुन्छ ।

**गानामा लाग्ने झिंगाको लार्भा** ८-१० मिमी लम्बाइ भएको, सेतो वा हल्का पहेंलो, बेलनाकार शरीर र टाउको खैरो रंगको हुन्छ ।



चित्र १ः वयस्क झिंगा



चित्र २ः गानोमा लाग्ने औंसा र प्युपा

### अनुकूल अवस्थाहरूः

- तापक्रमः २०-२८° सेल्सियस,
- आर्द्रताः ७०-८५% सापेक्षिक आर्द्रता,
- पानीको राम्रो निकास नभएको जमिन,
- संक्रमित बीउ वा Rhizome,

### लक्षणहरूः

- गानोमा साना प्वालहरू देखिनु,
- अदुवाको आँखा वरिपरि खैरो धब्बा देखिनु,
- राइजोमबाट तरल पदार्थ निस्कनु,
- भित्री भागमा सेतो रंगका सानो किराहरू देखिनु,
- राइजोम पूर्ण रूपमा सडनु र दुर्गन्ध आउनु,
- पातहरू पहेंलो हुनु,
- अन्ततः बिरुवा मर्नु,

### रोकथामका उपायहरूः

- स्वस्थ बिउ छनोट,
- उचित दूरीः ३०*२० सेमी दूरीमा रोप्ने,
- पानी निकासको व्यवस्था,
- संक्रमित राइजोम तुरुन्तै हटाउने,
- खेतबारीको सरसफाई,
- नीमको तेलः २ मिलि प्रति लिटर पानी,
- इमिडाक्लोप्रिड @ ०.३ मिलि प्रति लिटर वा लाम्ब्डा साइहालोथ्रिन @ १ मिलि प्रति लिटर वा मालाथिन १-२ मिलि प्रति लिटर पानीको प्रयोग गर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली